हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

बर्ष : ०१ अंक : ५४ पृष्ठ : ४ २०७७ भदौ २२ गते सोमबार (Monday 7 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




इन्द्रेणी

● तराई–मधेसका साहसिक सदा र डोम चेलीको कथा ●

## कुरीतिको घुम्टो हटाएर उदाएकी शान्ति


शान्ति सदा

**ने**पाली समाजमा छोरा र छोरीमा अझै विभेद कायम छ । दिनभरी भाषणमा छोरा/छोरी र छोरी/बुहारी बराबर हुन भन्नेले पनि साँझमा विभेद गरेका उदाहरणहरू धेरै छन् । सामान्यतः नेपाली समाजको परम्परा नै हो 'छोरालाई काख, छोरीलाई पाखा' ।

नेपाली मौलिक तीजका गीतमा समेत भनिएको छ, 'नौ भाइ छोरा भए पनि एउटै घरमा अटाउने, म एक्ली छोरीलाई डाँडै कटाउने ।' साच्चिकै अहिलेको अवस्थामा आइसक्दा पनि छोरीले बुहारी भएर पराइ घर जानै पर्ने बाध्यता छ । कोही पनि छोरीले ज्वाइँलाई आफ्नो घरमा ल्याएर राख्ने आँट गरेका छैनन् ।

छोरा र छोरीमा हुने विभेद जस्तै छोरी र बुहारीमा हुने विभेद त झन गहिरो छ । सासु बुहारी भने झगडाको परिपूरक सम्झिने गर्छन अहिले पनि नेपाली समाजले । नेपाली समाजमा भएको यो विभेदसँगै मुसहर समुदायमा त यसको प्रभाव अझै कति छ कति । तर, मुसहर समुदायमा भएको विभेदको घुम्टो उघारेकी छन् **शान्ति सदाले** ।

छोरी पठाउनु हुन्न, बुहारीले अरूलाई मुख देखाउनु हुन्न भन्ने मान्यता रहेको मुसहर समुदायकी शान्ति त्यस्ती पात्र हुन् जसले स्नातकसम्मको अध्ययन पूरा गरेकी छन् । सिरहाको गोलबजार घर भएकी शान्ति विगत २ वर्षदेखि काठमाडौंमा छिन् ।

'संगीत सिक्नकै लागि काठमाडौं आएकी हुँ,' मुसहर समुदायबाट भए पनि स्पष्ट नेपाली बोल्ने शान्तिले भनिन्, 'कुरीतिको कालो बादल छ मेरो समाजमा । धेरै दुःख पाएकी छु मैले कु–संस्कार सँगको लडाइमा ।' छोरीलाई पढाउन हुँदैन भन्ने समुदायकी शान्तिले बुहारी भएर पनि पढ्न, लेख्न पाइन् । गीत गाउन पाइन् । खुसी छन् उनी ।

नेपाली समाजमा छोरा र छोरीमा अझै विभेद कायम छ । दिनभरी भाषणमा छोरा/छोरी र छोरी/बुहारी बराबर हुन भन्नेले पनि साँझमा विभेद गरेका उदाहरणहरू धेरै छन् । सामान्यतः नेपाली समाजको परम्परा नै हो 'छोरालाई काख,

बाँकी ३ पेजमा

## डोम समुदायकी उच्च शिक्षा पढ्ने पहिलो छोरी सुमन

**सि**रहाको लहान नगरपालिका–१ की १७ वर्षिया सुमन मल्लिक यस जिल्लामा डोम सुमदायबाट उच्च शिक्षा पढ्ने पहिलो छोरी हुन् । उनले लहानकै एभरेष्ट उच्च माविमा मानविकी विषय लिएर कक्षा १२ अध्ययन गरेकी हुन ।

उनले मामाघर लक्ष्मीपुर पतारीमा बसेर कक्षा १ देखी १० सम्मको अध्ययन जनता मावि लक्ष्मीपुर पतारीबाट पूरा गरिन । २०७४ सालको एसइँई परीक्षामा 'बीप्लस' श्रेणी हासिल गरिन । एसईई पास भएपछि उनलाई अनमी पढ्ने सोच थियो । घरपरिवारले त्यती खर्च तिर्न नसक्ने बताएपछि उनले स्थानीय एक क्लेजमा फ्रि कोटामा अनमीका लागि इन्ट्रान्स परीक्षा पनि दिईन । तर, उनको नाम वैकल्पिकको ३ नम्बरमा आयो । उनले अनमी पढ्न पाईनन् ।

'हाम्रो समुदायमा पढे लेखेको कमै छन, झन छोरीलाई पढाउँदै पढाउँदैनन्,' सुमनले भनिन्, 'तर, आफू पढेर डोम समुदायको उदाहरणीय छोरी बन्न सकेभने अरू छोरीले पनि पढ्न पाउँछ ।' मानविकी विषयमा स्नातक गरेर 'सि.ए' सम्म पढ्ने इच्छा भएको उनले बताईन् । 'बुबा केही वर्ष अगाडी बित्नुभयो, घरमा कमाउने


सुमन मल्लिक

आमा र दाई छन्,' उनले भनिन्, 'आमाले ३/४ ठाउँमा सरसफाईको काम गरेर घर गुजारा र पढाई खर्चसमेत धान्दै आएकी छन् ।'

आफु जस्तै पढ्ने उमेरमै धेरैको छोरीहरू घरमै काम गर्न बाध्य रहेको उनले सुनाइन् । बालविवाहले यस समुदायका छोरीहरू पढ्न नसकिरहेको सुमनको भनाइ छ । दाजु, आमा सबैले पढाईको लागि सहयोग गरिरहेको उनले सुनाईन् । डोम समुदायको विकृति हटाउन छोरी शिक्षित हुनुपर्ने उनको ठम्याइ छ । डोम समुदायलाई विद्यालयमा छुवाछूत भएको घटना धेरै सुनिन्थ्यो तर, सुमनलाई त्यस्तो कहिले पनि भोग्नु परेन् । 'आफुसँग छुवाछुतको घटना विद्यालयमा कहिले पनि भएन । सँगै पढ्ने साथीको घर पनि जान्थे ।

बाँकी ४ पेजमा

## ४१ जनाद्वारा रक्तदान

**लहान** । मंगलादेवी स्मृति प्रतिष्ठानको आयोजनामा सिरहाको लहानस्थित कांग्रेस नगर कार्यालयमा ४१ जनाले आइतबार रक्तदान गरेका छन् ।

कोरोना माहामारीको बेला रगत अभाव हुन थालेपछि रगत अभाव पूर्ति गर्न रक्तदानले सहयोग पुगेको छ । ब्लड बैंक लहानको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम गरिएको प्रतिष्ठानका प्रदेश २ संयोजक संगिता कर्माचार्यले जानकारी दिईन् ।

रक्तदानमा मात्रै होइन्, कोभिडले निम्त्याएको संकटका बेला संगिता र उनका पति महेश चौधरीले लहान नगरपालिकाका २४ वटै वडाका विपन्न, दलित बस्तीका ३ हजार परिवारलाई राहत वितरण गरेका छन् । सामाजिक कार्यमा उनीहरू अग्रसर रहेको रक्तदानमा सहभागी युवाहरूले जनाए ।

## हरुवा चरुवा परिवारलाई तेस्रो चरणको राहत वितरण

**सप्तरी** । कोरोना भाइरसको महामारी शुरू भएसँगै गत चैत ११ गतेदेखि नेपाल पनि लकडाउन भयो । अत्यावश्यक सेवा बाहेक निजी, सार्वजनिक यातायातका साधन बन्द मात्र भएन, हिंडडुल गर्न समेत बन्देज गरियो । हाटबजार, पसल, विभिन्न कलकारखाना, उद्योग, लगायत मजदुरीका सबै क्षेत्र बन्द हुँदा मजदुरीमा आश्रित परिवारहरू हतामुख जोड्न नपाएर बिचल्लीमा परे ।

विशेषगरी कृषि मजदुरी गर्ने हरुवा चरूवाको पनि हातमुख जोड्ने माध्यम बन्द हुन पुग्यो । मजदुरी गरेर बिहान बेलुका चुलो बाल्ने हरूवा चरूवाहरू कैयौं दिनसम्म एक छाक मात्र खाएर मेटाए । त्यति पनि गर्न नसक्नेहरू त भोकभोकै सुत्न बाध्य भए । लकडाउनको समयमा आयआर्जनका काम बन्द भएर ऋण सापटी समेत कसैले नपत्याउँदा उनीहरूले अपर्झट बिरामी पर्दा सामान्य औषधि उपचार गर्न पनि अप्ठ्यारो झेल्नु पर्‍यो । त्यही अवस्थालाई मध्यनजर गर्दै हरूवा चरूवा सशक्तिकरण कार्यक्रम अन्तर्गत कार्यक्षेत्रमा बसोवास गर्ने हरूवा चरूवा परिवारका समूहमा आबद्धहरूलाई खाद्यान्नसहितको राहत सामग्री वितरण गरिएको छ ।

सप्तरीको सुरूङ्गा नगरपालिका–४ मधुपट्टिस्थित जनचेतना दलित संगमले द फ्रिडम फण्डको सहयोगमा आइतबार सुरूङ्गा नगरपालिका क्षेत्रका एक सय ४० जनालाई प्रति परिवार २५ किलो चामल, दुई किलो दाल, एक लिटर खानेतेल, नुन एक किलो, साबुन दुई थान र मास्क पाँच थानका दरले राहत वितरण गरिएको कार्यकारी निर्देशक गणेशप्रसाद रामले बताए । कार्यकारी निर्देशक रामका अनुसार खडक नगर क्षेत्रका ५० र बलानबिहुल गाउँपालिकाका ३० गरी दुई सय २० हरूवा चरूवा परिवारलाई राहत सामग्री दिइँदैछ ।



भित्री पृष्ठमा
राष्ट्रियता : नेपालको सन्दर्भमा
पेज २ मा
देउवालाई नेता महेश आचार्यको पत्र
पेज ३ मा
पालिकाले बुझ्नुपर्ने नागरिकको चाहना
स्तम्भ : पालिका बहस
पेज ४ मा



फ्रेन्डस मोडल हसिपटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## साना हतियार सधैं चुनौती

छिमेकी मुलुक भारतसँग सीमा जोडिएका तराई–मधेसका सिरहा लगायत अन्य जिल्लामा साना हतियार सधैँ चुनौतीको विषय बन्ने गरेको छ । सीमाक्षेत्रका बजारमा सहजै पाउन सकिने साना हतियार आपराधिक क्रियाकलापमा प्रयोग हुँदै आएको पाइएको छ । अवैध हतियार बोकेर नेपाल प्रवेश गर्ने भारतीय तथा नेपालीको समूह रहेको र त्यही साना हतियारको प्रयोगबाट तराईका क्षेत्रमा आपराधिक गतिविधि हुने गरेको प्रहरी तथ्यांकले पनि पुष्टि गर्छ । साना हतियारको प्रयोगबाट धेरैको ज्यान पनि गएको छ ।

हत्या, अपहरण, लुटपाटजस्ता अपराधमा साना हतियार प्रयोग हुने हुँदा यसले चुनौती थप्ने गरेको प्रहरीको भनाइ छ । खुला सीमा भएकाले समस्या हुने गरेका कारण दुवै देशका सुरक्षा अधिकारीले एकअर्कालाई सहयोग गर्‍यो भने समस्या समाधानमा सहज हुनसक्छ । यसका लागि पहल हुन जरुरी छ । साना हतियार शरीरको कुनै पनि भागमा गिरोहले सहजै लुकाएर ल्याउन सक्छन् । साना सवारी साधनको केही भागमा लुकाएर अवैध साना हतियार ओसारपसार गर्दै आएको पाइएको र खुला सिमानाका कारण नियन्त्रण निकै चुनौतीपूर्ण रहेको सुरक्षासँग सम्बद्ध अधिकारीहरुको भनाइ छ । सीमावर्ती क्षेत्रमा अवैध रूपमा राखिएका साना हतियारले अपराध बढिरहेको छ । सामान्य विवादमा गोली चलाउन थालिएको छ । यस्ता हतियारधारी तस्करी र असुलीमा समेत संलग्न हुन्छन् । खुला सीमा र सहज उपलब्धताले यस्ता हतियार सुरक्षा चुनौती बनेका छन् । तराईमा हतियार राख्ने र प्रदर्शन गर्नेलाई समाजमा प्रतिष्ठित मान्ने परम्परा अझै छ । हतियारको दम्भ देखाएर सर्वसाधारणलाई त्रासमा राख्ने गरिन्छ । सीमावर्ती भारतीय क्षेत्रबाट पेस्तोल, माउजर र नलकटुवा चोरबाटो हुँदै नेपाल भित्र्याउने गरिन्छ ।

सीमामा जाँच गर्ने अत्याधुनिक प्रविधि अभावमा नियन्त्रणमा कठिनाइ भइरहेको प्रहरीको भनाइ छ । सीमा नाकामा शंका लागे मात्रै ओहोरदोहोर गर्नेलाई जाँच गरिन्छ । जाँच्ने विधि पनि अझै परम्परागत छामछुममै सीमित छ । त्यसरी जाँच्दा सजिलै लुकाउन सकिने भएकाले साना हतियार फेला पर्दैनन् । परम्परागत सूचना प्रणाली र साधनस्रोत अभावका कारण लामो खुला सीमा क्षेत्र निगरानी गर्न सुरक्षाकर्मीलाई चुनौती छ । नियमित वा आकस्मिक जाँचका क्रममा बरामद भए ठीकै छ, अन्यथा चेकजाँचका लागि प्रहरीसँग समेत ठोस योजना भएको देखिन्दैन ।

सीमावर्ती क्षेत्रमा सजिलै र सस्तोमा पाइने भएकाले नलकटुवा पेस्तोल आपराधिक गिरोहको पहिलो रोजाइमा पर्छ । ५ हजार रुपैयाँ सम्ममा यस्ता हतियार सहजै उपलब्ध हुन्छन् । चुनाव या अन्य संवदेनशील समयमा प्रशासनले हतियार बुझाउन सूचना जारी गर्छ । जिल्ला प्रशासन कार्यालय सिरहाको तथ्यांक अनुसार सिरहामा २ सय ८० व्यक्तिले हतियार राख्ने इजाजत लिएका छन् । तीमध्ये साना हतियार पेस्तोल ३ थान, राईफल १८ जनाले राख्ने ईजाजत लिएका छन् । अधिकांशले एक नाले र दुई नाले बाह्र बोरको बन्दुक राख्ने इजाजत लिएका छन् । तर सूचना जारी गरेको बेला १५/२० वटा इजाजतपत्र भएका र केही नभएका हतियार मात्र संकलन हुने गरेका छन् ।

साना हतियारसँगै खुला सीमानाको दुरुपयोग गरि अवैध लागूऔषध सहजै नेपाली बजारमा आउने गरेको छ । सीमाक्षेत्रको भारतीय बजारमा अवैध लागूऔषध खुला बिक्री हुने हुँदा थप चुनौती बढेको छ । यसबाट दुवै देशका नागरिकलाई सुरक्षा चुनौती बढेको र प्रहरीले सीमाक्षेत्रमा निकै कडाइ गर्दै आएको बताउँदै आएपनि खुला सीमाना भएकाले कतै न कतैबाट चोरबाटो हुँदै अवैध लागूऔषध र साना हतियार बोकेर नेपाल प्रवेश गर्ने आपराधिक समूह सक्रिय छन् ।

सजिलै बोक्न र लुकाउन मिल्ने साना हतियारका कारण सर्वसाधारण जहिल्यै त्रासमा हुन्छन् । नेपाल–भारत खुल्ला सीमाका कारण रिसइबी साध्न र आपराधिक गतिविधीमा प्रयोग गर्न पनि केही व्यक्तिसंग साना खाले अवैध हतियार छैन भन्न नसकिने भएकाले यसको नियन्त्रणमा सुरक्षा निकायले ठोस योजना बनाएरै अघि बढन जरुरी छ ।

# राष्ट्रियता : नेपालको सन्दर्भमा

'राजा आत्याचारी, निरङ्कुश र घोर जनविरोधी भए पनि राष्ट्रवादी त हो नि ।' २०१७ सालको काण्ड भइसकेपछि पनि एकजना सज्जनले मसँग यस्तो तर्क पेस गरे । म एकछिन स्तम्भित भएँ र उनको मुख हेर्न थालेँ । ती विद्वान् सज्जनको चिन्तनलाई २०१७ सालको काण्डले कुनै प्रभाव नपरेको देख्दा र जनताका मौलिक अधिकारको अपहरणलाई राष्ट्रवादको नमुना ठानेको देख्दा मैले एकछिन सोचेर भनेँ -'राष्ट्रियतासँग जनताको केही सम्बन्ध हुन्छ कि हुँदैन ? कि त्यो जनतासँग पूरै असम्बन्धित तत्व हो ? अब, मेरो प्रश्नको आशय नबुझेर छक्क भएर म तिर हेर्ने उनको पालो थियो । उनी र उनीजस्ता धेरै सदाशयी व्यक्तिहरूले पक्कै पनि राष्ट्रियताका सम्बन्धमा चिन्तन गरेर आफ्नो मस्तिष्कलाई थकाउन चाहेका छैनन् । उनीहरूका लागि राष्ट्रियता भनेको एउटा शून्य नारा मात्र हो । मैले यहाँ दरबारबाट भत्ता पाउन्जेलसम्म राजालाई विष्णुको अवतार मानेर ठाउँ-कुठाउँमा मौका-बेमौका स्तुति-गान गर्न नबिराउने र राजाको स्तुति-गान गर्ने व्यक्तिहरूको सन्दर्भ उठाएको होइन ।

मसँग प्रश्न गर्ने व्यक्ति राजाको स्तुति-गान गाउने खालका थिएनन् । उनी आफूलाई नेपालको राजनीतिमा स्वतन्त्र चिन्तन व्यक्ति भन्न रूचाउँथे । ती विद्वान् सज्जन नेपालको राजनीतिले धारण गरेको उग्र रूपको परिप्रेक्ष्यमा स्वतन्त्र चिन्तन गर्ने सिद्धान्तले सदाशयी व्यक्तिहरूमा समेत कत्रो भ्रम उत्पन्न गर्न सक्छ भन्ने एउटा दृष्टान्त मात्र हुन् । मैले उनलाई सोधेँ-के जनताका अधिकार खोसेर राष्ट्रियताको रक्षा हुन्छ त ? राजा महेन्द्रलाई ०१७ सालको ऐतिहासिक काण्ड घटाएबापत कृतज्ञताका साथ होस् या घृणाका साथ, इतिहासले पछि सम्झेला ? त्यो के कुनै अर्थमा पनि राष्ट्रिय अभियान थियो ? उनले त चार्ल्स प्रथमले जनताका प्रतिनिधिहरूको सभा 'संसद' भङ्ग गरेकोजस्तो गरे । (चार्ल्स प्रथमले भङ्ग गरेको संसद्ले नेपालको ०१७ सालको संसद्ले नेपाली जनताको जति प्रतिनिधित्व गर्दथ्यो, त्यति प्रतिनिधित्व पनि गर्दैनथ्यो । तर, त्यस संसद्ले चार्ल्स प्रथम

## बिपी कोइराला राजनीतिक अभिलेख

व्यक्तिको भन्दा बढी राष्ट्रिय प्रतिनिधित्व गर्थ्यो ।)

मैले विषय-प्रवेश गर्नेहेतुले ती सज्जनको चर्चा गरेँ । ती सज्जन मात्र कोरा नाराको सिकार बनेका रहनेछन् भन्ने प्रमाण मैले केही दिनपछि पाएँ । मैले विराटनगरको इलिट क्लबमा भाषण गरिसकेपछि देशभक्ति र राष्ट्रियताका सम्बन्धमा मलाई एउटा प्रश्न सोधियो । मलाई सोधिएको प्रश्नको उत्तर दिने क्रममा मैले प्रश्नकर्तालाई सोधेँ-'राष्ट्र भनेको के हो ? नेपाल भनेको के हो ? देश भनेको के हो ? जनता होइन र ? जनताको अधिकार खोसेर देशको हितको रक्षा कसले, कसरी गर्‍यो ?'

मैले भन्न खोजेको केहो भने-देश वा राष्ट्र भनेको भूगोल होइन, माटो होइन । त्यो यथार्थमा जनता हो । तसर्थ, जनताको हित हुने कुरो नै देशहितको कुरो पनि हो । जनताको अधिकार देशको अधिकार हो । जनताको अधिकार हनन् गर्नु देशको अधिकार हनन् गर्नु हो । नेपालको भूगोलबाट यहाँ बस्ने एक करोड नेपाली जनता लोप भए भने मेरो अर्थमा नेपाल लोप हुन्छ । तर, त्यो भूगोल भने आफ्नो ठाउँमा जस्ताको त्यस्तै रहिरहनेछ । २०१७ साल पुस १ गतेका दिन देशवासीहरूले प्राप्त गरेको मौलिक अधिकार खोसियो, वाक् स्वतन्त्रता, सङ्गठन स्वतन्त्रतालगायतबाट जनता वञ्चित पारिए, जनप्रतिनिधिहरू थुनिए, संसद् विघटित गरियो, फेला परेका एउटै सांसदलाई पनि नछोडी बन्दी बनाइयो, संसद्का सभामुख थुनिए, जननिर्वाचित प्रधानमन्त्रीदेखि चाहे भूतपूर्व प्रधानमन्त्री हुन् वा साधारण कार्यकर्ता, राजनीतिमा लागेका कोही व्यक्ति पनि राजाको त्यो दमन-चक्रबाट जोगिएनन् । त्यस दिनछि पनि कसैले राजालाई राष्ट्रियताको समर्थक वा प्रतीक मान्छ भने नेपालको राजनीतिका सम्बन्धमा त्यो जस्तो ठूलो भ्रम अर्को कुनै हुनै सक्दैन । त्यस दिन राजाले स्पष्ट रूपमा आफूलाई जनताभन्दा पृथक तत्व मात्र होइन, विरोधी तत्वको रूपमा समेत प्रकट गरे ।

राष्ट्रियताका सन्दर्भमा पहिलो र अन्तिम निर्णय गर्ने तत्व जनता नै हो । राष्ट्रियता जनताको सामूहिक मनोभावनालाई लक्षित गर्ने शब्द हो । समय-समयमा प्रकट हुने व्यापक समस्याहरूलाई सामूहिक रूपमा समाधान गर्नुपर्दा सहजै उत्पन्न हुने एकताको जनभावना नै राष्ट्रियता हो । राष्ट्रियताको यस परिभाषामा व्यापक समस्या, तिनको समाधानको सामूहिक प्रयत्न र त्यस प्रयत्नबाट सहज किसिमले उत्पन्न हुने भावनात्मक एकता गरि तीन तत्व सामेल छन् । अर्को शब्दमा १. जनता, २. जनताको अगाडि उपस्थित समस्या, ३. त्यस समस्यालाई सबैले मिलेर समाधान गर्ने सामूहिक प्रयत्न र ४. त्स प्रयत्नमा अनुभव भएको एकताको भावना नै राष्ट्रियताका तत्व हुन् । राष्ट्रियतालाई यसरी विचार गर्दा त्यसमा भूगोलको भूमिका गौण भएर जान्छ ।

हामीले राष्ट्रियताको सन्दर्भमा विचार गर्दा जनताको सन्दर्भमा सोच्ने बानी बसाल्नुपर्छ । त्यसो भयो भने मात्र राष्ट्रियतासम्बन्धी सत्यतथ्य बुझ्न सकिन्छ । राष्ट्रियतालाई जनताको सन्दर्भमा नसोची एउटा भूभागको अर्थमा लिन थाल्यौँ भने राष्ट्रियता भन्ने शब्दलाई कुनै पनि धूर्त तानाशाह वा राजनीतिज्ञले आफ्नो स्वार्थसिद्धि गर्ने र जनताको अधिकार अपहरण गर्ने हतियार बनाउन सक्छ । त्यही काम राजाले गर्न थालेका छन् । उनले आफ्नो हुकुमी शासनको तानाशाही व्यवस्थालाई टेवा पुर्‍याउनका लागि राष्ट्रियताको नारा प्रचारित गरिरहेका छन् । हामीले यस यथार्थलाई बुझ्नका निम्ति २००७ सालको प्रजातान्त्रिक आन्दोलनको दमनको सिलसिलामा राणाशासकले आफ्नो हुकुमी राज्य कायम राख्ने प्रयत्न गर्दै राष्ट्रियताको नारा प्रचार गरेको यथार्थलाई बिर्सनु हुँदैन । यहाँसम्म कि राणा शासकले वर्तमान राजा र उहाँका पितासम्मलाई पनि अराष्ट्रिय तत्व घोषित गरेर उहाँहरू सबैलाई राजच्यूत गर्ने काम गरेको थियो । भाषामा भन्नुहोस्, चाहे प्रचार-प्रणालीमा अहिलेको राजाबाट गरिएको राष्ट्रियताको प्रचार राणाहरूबाट गरिएको प्रचारको हुबहु नक्कल मात्र हो । दुवैले गरेको राष्ट्रियताको प्रचारको उद्देश्य : १. हुकुमी राज्यको स्थापना, २. प्रजातन्त्रको बढ्दो मागका विरूद्ध षड्यन्त्र गर्नु नै हो । परिवेशले त्यस समय राजा जनताको पक्षमा मिसिन आइपुगेका हुँदा त्यसबखत उनी तत्कालीन तानाशाहको नजरमा अराष्ट्रिय तत्व ठहरिए र राज्यच्यूत गरिए । आज तिनै राजा मोशनशमशेरको स्थानमा पुगेका छन् र मोहनशमशेरकै हतियार प्रयोग गरेर प्रजातन्त्रका पक्षपाती जनतालाई दमन गर्दै राष्ट्रियताको प्रचार गर्दै छन् । राजा-पक्ष वा हुकुमी शासनको पक्ष र जनता पक्ष वा प्रजातान्त्रिक पक्ष मात्र नेपालको राजनीतिका दुई पक्ष हुन् । २००७ सालको श्री ३ मोहनशमशेर वा २०१७ सालको श्री ५ महेन्द्र, तानाशाह वा उनको पृष्ठपोषकको हतियार सैनिक दृष्टिबाट होस् वा सैद्धान्तिक प्रचारात्मक दृष्टिबाट होस् त्यो एकै किसिमको हुन्छ । पाठकहरूसँग म राणापक्षबाट २००७ सालमा गरिएको प्रचारबाजीलाई एकपटक फेरि पढेर आफ्नो स्मृतिलाई ताजा पार्न अनुरोध गर्दछु । त्यसबाट मैले भन्न खोजेको कुरा स्पष्ट हुन्छ र, त्यसको प्रभावकारिता पनि सिद्ध हुन्छ ।

### राष्ट्रियताको इतिहास

राष्ट्रियताको सन्दर्भमा अध्ययन गर्दा नेपालको

बाँकी ३ पेजमा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

# देउवालाई नेता महेश आचार्यको पत्र

**काठमाडौं । कांग्रेस केन्द्रीय सदस्य महेश आचार्यले सभापति शेरबहादुर देउवालाई पत्र लेख्दै विधान विपरीतका कामहरु रोक्न आग्रह गरेका छन् । सामाजिक सञ्जाल फेसबुकमा पत्र सार्वजनिक गर्दै आचार्यले उपसभापति, महामन्त्रीलगायतका पदाधिकारीहरुको असहमति रहँदा रहँदै पनि विभाग गठन गरिएकोप्रति आपत्ति जनाएका छन् ।**



**यस्तो छ आचार्यको पत्र**

**आदरणीय सभापतिजी,**

*तपाईंबाट गरिएका विभाग गठन लगायतका पार्टीको समायोजन, कृयाशील सदस्यता सम्बन्धी पछिल्ला केहि निर्णयहरू पार्टी विधान विपरीत र गंभीर विवाद सिर्जनागर्ने ढंगका देखिए। यिनलाई सच्याएर सम्पुर्ण पार्टीपंक्तीलाई एकताबध्द गराएर महाधिवेशनतर्फ लैजाने दायित्व निर्वाह गर्न हार्दिक अनुरोध गर्दछु ।*

*१) हाम्रो विधानको दफा ६० ले पार्टीका सबै तहमा गठन गर्न भनिएका विभाग र समिति र विभिन्न निकायहरू महाधिवेशन सम्पन्न भएको ६ महिना भित्र गठन गरि सक्नु पर्नेछ भन्ने समयको बाध्यकारी व्यवस्था गरेको छ। आफ्नो ४ बर्षको कार्यकालमा गठन नगरिएको विभाग विशेष परिस्थिति देखाइ महाधिवेशन सम्पन्न गर्न थपिएको एक बर्षको पनि आधा अवधि गुजारेर महाधिवेशनको मुखमा गठन गर्नु विधानको भावना र मर्मको गंभीर उलंघन हो ।*

*२) विधानको दफा ३७ (१) ञ ले विभागले प्रत्येक ६ महिनामा कार्यसम्पादन प्रगति प्रतिवेदन केन्द्रीय कार्यसमितिमा बुझाउनु पर्नेछ भनेको छ। ६ महिनाको कार्यकाल पनि बाँकी नहुने अहिले गठन गरिएका विभागले महाधिवेशनको तीब्र चटारोमा कहिले आफ्ना कार्ययोजना बनाउलान, कहिले देशको समसामयिक मुद्दामा छलफल गर्लान, कहिले आफ्ना सुझाव र प्रगति प्रतिवेदन केन्द्रीय समितिलाई देलान अनि म्याद गुज्रिएको केन्द्रीय समितिले कहिले सुझाव कार्यान्वयन गर्ला ? यो कुराको हेक्का नराखी गठन हुने विभागले संगठन बलियो हैन, पार्टीभित्र विवाद र गुटबन्दीलाइ उत्कर्षमा पुर्याउँछ । हाम्रो पार्टीका हजारौं साथीलाई र तिनको प्रतिभालाई गुटबन्दीको स्वार्थ र दलदलमा नचाहँदा नचाहँदै फसाउनेछ ।*

*३) विधानको दफा २४(३)ले विभागको कामको समीक्षा गर्ने अधिकार केन्द्रीय कार्य सम्पादन समितिलाइ दिएको छ। तर दुर्भाग्यबस सभापतिजीले कार्य सम्पादन समिति समेत बनाउन सक्नु भएको छैन । विभाग गठन हुने तर विभागको कामको समीक्षा गर्ने अधिकार पाएको समिति नहुने अवस्था के संगठन बलियो बनाउने संकल्प मान्न सकिन्छ र ?*

*४) विधानको दफा ४(१०)ञ ले महाधिवेशनको ६ महिना अघि कृयाशील सदस्यता पाएको र नविकरण गरेको सदस्यले मात्र महाधिवेशनमा मतदान र उम्मेदवार हुन पाउने व्यवस्था गरेको छ। विधानको दफा ५०(६)मा पनि महाधिवेशन भन्दा ६ महिना अघि नै कृयाशील सदस्यता र नविकरण गरेकाले मात्र उम्मेदवार हुन पाउने कुरा संगै महाधिवेशनको ६ महिना अघि नया कृयाशील सदस्यता वितरण र नविकरणको काम बन्द गर्ने व्यवस्था गरेको छ।यि दुबै व्यवस्था द्वारा विधानले पार्टी पदाधिकारीलाइ महाधिवेशनको मुखमा आफुखुसी सदस्यता वितरण र नविकरण गरी महाधिवेशनलाई प्रभावित पार्न सक्ने संभावनाबाट रोकेको छ। विधानमा यो व्यवस्था त्यसै आएको होइन पुराना अनुभवका कारणबाट आएको हो। यसरी विधानले महाधिवेशनको मुखमा कृयाशील वितरण र नविकरण जस्ता संगठनका आधारभुत कार्यलाइ समेत रोकेर महाधिवेशनको निस्पक्षता प्रत्याभुत गर्न चाहेको मर्म विपरीत तोकिएको काम गर्ने समय र संभावना नै नभएको अवस्थामा हजारौंको संख्यामा साथीहरूलाइ विभाग र समितिमा गरिएको नियुक्तिको वैधता र औचित्य कसरि पुष्टि हुन सक्छ ?*

*आदरणीय सभापतिजी, यस बाहेक जुन महाधिवेशनले तपाईंलाई सभापतिमा निर्वाचित गर्यो त्यही महाधिवेशनले निर्वाचित गरेको महामन्त्री, कोषाध्यक्ष र ठुलो संख्यामा केन्द्रीय सदस्य असहमत हुँदा हुँदै गरिएको निर्णयको सांगठनिक महत्व र प्रभावकारिता कति होला ?*

*५) हाम्रो विधानको दफा ५१(१)ले महाधिवेशनमा निर्वाचित सभापतिले ४० जना महाधिवेशन प्रतिनिधि मनोनयन गर्न पाउने व्यवस्था छ। तर विचारणीय कुरा के छ भने यहि दफाले यस्ता प्रतिनिधिको कार्यकाल नया महाधिवेशनको प्रक्रिया प्रारम्भ भए पछि स्वत: समाप्त हुने व्यवस्था गरेको छ।यो प्रावधानको आशय पनि सभापतिद्वारा मनोनित प्रतिनिधिबाट निर्वाचन प्रभावित नहोस भन्नेनै हो।*

*६) पार्टी विधानको दफा ५०(८) का अनुसार पार्टीको कुनै पनि तहको सभापतिको मृत्यु भई वा राजीनामाका कारण पद रिक्त भएमा कार्यवाहक सभापति बनाउने र ६ महिना भित्र अधिवेशन द्वारा सभापति चयन गर्ने विधि छ। तर महाधिवेशनको प्रक्रिया प्रारम्भ भएको अवस्थामा भने सभापतिको चुनाव समेत गर्नु पर्दैन,गर्न मिल्दैन र नया महाधिवेशनले नै सभापति चुन्छ।*

*आदरणीय सभापतिजी, महाधिवेशनको प्रक्रिया सुरु भए पछि माथी उल्लेखित विधानले गर्न रोकेका काम, विभिन्न निकायको कार्यकाल सम्वन्धी व्यवस्था र निस्पक्ष निर्वाचनका मान्यताहरूको पालना हामीले आफ्नै पार्टी भित्र गर्न सकेनौं भने हामीले वर्तमान कम्युनिष्ट सरकारको स्वेच्छाचारीताका विरूध्द जनता परिचालन गर्ने नैतिक बल गुमाउनेछौं । महाधिवेशनमा दिशाहिनता , चरम गुटबन्दी र अनुशासनहिनताले प्रश्रय पायो भने संघर्ष, समर्पण र शहादतबाट बनेको हाम्रो पार्टी र साथीहरूको विशाल पंक्तीका सामु हामी अपराधी प्रमाणित हुनेछौं । सभापतिजी मैले भरसक आफूलाई र आफ्नो विवेकलाई कहिल्यै गुटको बन्दी बनाईन, अपमान र उपेक्षा मंजुर गरे तर सधैं पार्टीहित र एकताको पक्षमा काम गरे ।*

*यहि नैतिक बलमा उभिएर सार्वजनिक रूपमा तपाईंलाई सम्बोधन गर्दै यो पत्र लेख्दैछु।यो पत्र लेख्न बस्दा तपाईंप्रति मेरो कुनै दुर्भावना छैन केवल हाम्रो पार्टीको भविष्य,भूमिका र एकता प्रतिको मेरो चिन्ता अभिव्यक्त छ जुन पार्टी बनाउन तपाई स्वयंको जीवन र जवानी समर्पित रह्यो।*

*जय नेपाल ! महेश आचार्य केन्द्रीय सदस्य र नेपाली कांग्रेस*
*२१ भाद्र २०७७*

## राष्ट्रियता...

इतिहासमाथि दृष्टिपात गर्नु आवश्यक हुन्छ । इतिहासले यस सम्बन्धमा के भन्छ ? वर्तमान नेपालको गठन गोर्खाका एउटा राजा पृथ्वीनारायण शाहको विजय अभियानको सफल परिणाम हो । अठारौं शताब्दीमा हिन्दुस्तानी भू–भागमा मुगल साम्राज्यको अन्त्यपछि उत्पन्न अशान्ति र अस्थिरताको स्थितिको लाभ उठाउँदै अनेकौं राजा–महाराजा, जागिरदार तथा साहसी सरदारहरू आ–आफ्नो क्षेत्रको विस्तार र नयाँनयाँ राज्यको गठनमा तँछाडमछाड गर्दै विजयको होडमा लागेका थिए । पृथ्वीनारायण शाह पनि त्यस्तै एउटा राजा हुन् । उनी अफ्ना छिमेकका राजा–रजौटाहरूभन्दा बढ्ता साहसी तथा उनका सेना सञ्चालकहरू शत्रुपक्षभन्दा अधिक दक्ष र रणकौशल थिए । पृथ्वीनारायण शाह तथा उनका उत्तराधिकारीको तत्कालीन उद्देश्य गोरखा राज्यको विस्तारभन्दा बढी अरू कोही थिएन । त्यसलाई राष्ट्रिय एकताको अभियान थियो भनेर एउटा ऐतिहासिक महत्व दिन खोज्नु गलत हुनेछ । त्यस समयमा नेपाली राष्ट्रियता भन्ने भावना वा कल्पनासम्म पनि थिएन । त्यो त पछि उदय भएको एउटा ऐतिहासिक तत्व हो । त्यस समयमै ब्रिटिस साम्राज्यको जग पनि बस्न थालेको थियो । हिन्दुस्तानी उपमहाद्वीपको राजा–रजौटहरूबीच राज्य विस्तारको होड चलिरहेको तत्कालीन राजनीतिक परिस्थितिबाट फाइदा उठाएर अङ्ग्रेजले ब्रिटिस साम्राज्यको स्थापना गर्न सफलता पाएका थिए ।

*क्रमश:*

## कुरीतिको...

छोरीलाई पाखा' । उनले भनिन्, 'छोरी पनि पढाउनु हुन्न भन्ने समुदायको मान्छे हुँ म । तर, बुहारी हुँदा पनि पढन पाएँ । घरमा दादाहरूले पढ्नु पर्छ भन्नु भयो । मेरो ९ कक्षा पढ्दा बिहे भयो । बिहे भए पछि पनि मैले पढैं । ब्याचलर गरेकी छु ।'

'यसै पनि छोरीको विहे सानै उमेरमा गरिन्छ हाम्रोमा,' शान्ति भन्दै थिइन्, 'झन मेरो त आमाले विहे गरिदिने इच्छा जाहेर गर्नुभयो । दाइले बहिनी पढ्दै छ भन्दा पनि म मरिहाल्छु होला यसको बिहे गरेको देख्ने रहर छ भन्नु भयो । दादाले पनि त्यो कुरा अस्वीकार गर्न सक्नु भएन र मेरो बिहे भयो । बिहे भएको १ वर्षपछि आमाले छोडेर जानु भयो ।'

आमाले छोडेर जानुभए पनि आत्मा बनेर हरपल हेरचाह गरेको अनुभव हुने गरेको शान्तिले सुनाइन् । सासुआमाले आमाभन्दा कमी नगरेको उनको भनाइ छ । उनले सासु आमाले पनि आमाझै हरेक पाइलामा हात समाएर हिडाएको अनुभव सुनाइन । 'सासु आमा पनि अब म सँग हुनुहुन्न ।'

अलि विचलित हुँदै शान्तिले भनिन्, 'सायद अबका यात्राहरू कठिन हुन्छन् होला । जुन लक्ष लिएकी थिएँ । जुन बाटोमा सासुआमाले हरेक पटक लड्दाखेरी उठाउनु भएको छ । अबको यात्रामा त्यो हुँदैन कि । कतिकति बेला अबको यात्रामा विचलित हुन्छु कि झैं पनि लाग्छ ।'

शान्तिले भनिन् 'सासु आमा हुँदासम्म आमा नभएको पीर मेटियो । अब दुबै जना हुनुहुन्न तर पनि श्रीमान हुनुहुन्छ भन्ने लागेको छ ।' समाजमा उनी भन्दा बढी कु–रीतिका विरूद्ध सासुआमा लडेको उनको ठम्याइ छ । उनी सासु आमाले गरेको सहयोगको आजीवन ऋणी भएको सुनाउँछिन् ।

जति सासुआमा कुरीति र कुसंस्कारका विरूद्ध लड्नु भयो, मैले त त्यसको २० प्रतिशत पनि लडेको छुइन । म बुहारी भएर घर आएपछि पनि स्कर्ट, सर्ट लगाएर स्कुल जान थालैं । बुहारीलाई पढाइस भने बिग्रिन्छ भनेर समाजले प्राहर गरेका वचन सासु आमाले छल्नु भयो । सधै गर्वका साथ भन्नु भयो मेरो बुहारी हो म पढाउँछु । बुहारी भएपछि मुख नदेखाउने समुदायकी मान्छे हुँ । तर, पनि सासु आमाको सहयोगले मैले यतिसम्मको यात्रा तय गर्न पाएँ ।

हरेक पाइलामा श्रीमानले साथ दिएको अनुभव छ उनीसँग । 'किन पति परमेश्वर भनेको होला भन्ने सोच्थैं,' शान्तिले भनिन्, 'साच्चिकै पति परमेश्वर नै हुँदा रहेछन् । यदि मैले परमेश्वर पति पाउँथिन भने मेरो जीवन के हुन्थ्यो होला । हरेक आशुँका थोपा उहाँको हैसलाले जमीन खस्न पाएनन् । म जेठो बुहारी हुँ । घरको सबै जिम्मेवारी काँधमा हुँदा पनि उहाँ (श्रीमान) ले सधैं तिम्रो कला, गलालाई मर्न दिनु हुँदैन भन्नुभयो । गीत गाउँन पाउँदिन होला भनेर श्रीमानको काखमा कति रोएँ । जति रोएँ सधै उहाँले तिमीले गर्नु पर्छ भन्नु भयो ।'

शान्ति विगतमा २०/३० रूपैयाँमा दाउराको भारी बजारमा लगेर बेचेको स्मरण गर्छिन् । 'हाल काठमाडौंको बसाईमा पसल गरेकी छु,' शान्तिले भनिन्, 'दिनमै २०/३० हजारको ब्यापार गरेकी छु । मलाइ याद छ आमासँग दाउराको भारी बोकेर बजारमा पुग्दा २०/३० रूपैयाँ भारीमा बेच्नु पर्थ्यो ।'

आमा बुबाका ५ जना सन्तानमा सबैभन्दा कान्छी शान्ति आफूले र कान्छा दाइले मात्र पढन पाएको सुनाउँछिन् । नेपाली, मैथली, भोजपुरी, हिन्दी, तामाङ र अंग्रेजी लगायतका भाषा बोल्ने र बुझ्ने क्षमता छ शान्तिमा । 'सानैमा तामाङ समुदायसँग हुर्किएँ ।

त्यसैले तामाङ र नेपाली भाषा सिकेकी हुँ । मैथली, भोजपुरी र हिन्दी त अधिकांशले बोल्नु नै हुन्छ ।' गीत संगीतको काममा विदेशयात्रा गर्ने उनको इच्छा रहेको छ शान्तिको । नेपाल भित्रका र भारतका केही ठाउँमा बुढा बुढीसँग गीत गाउन गएको उनले सुनाइन् ।

शान्तिका श्रीमान गुरूशरण सदा पनि गाउँछन् । बुढाबुढीले नै गाएका मैथली र नेपाली भाषाका गीतहरू बजारमा छन् । 'हिमाल पहाड घर हो मेरो, तराई हो आंगन', 'तिमी बाहिर खोज्छौ मलाइ', 'युवा तिमी ध्रुव तारा हौ', 'ए कान्छी घुमाउला तिमीलाई गोलबजार सहर,' जस्ता धेरै नेपाली गितमा उनले आवाज दिएकी छन् ।

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

औरही गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

# पालिकाले बुझ्नुपर्ने नागरिकको चाहना

## पालिका बहस

डा. विजयप्रसाद मिश्र



पालिकामा धेरै बजेट छ । कहाँ खर्च गरौं ? कसरी खर्च गरौं ? नागरिकलाई के चाहिएको छ ? भन्ने छलफल बारम्बार हुने गरेको छ । विकासका लागि स्थानीय सरकारलाई सघाउन विभिन्न गैरसरकारी संस्थाहरूले पनि यसरी गर्नुस, उसरी गर्नुस, यसरी माग्नुस, तपाईहरूको अधिकार यति हो, यो गर्न मिल्छ, यो गर्न मिल्दैन भनेर बारम्बार सिकाउँदै आएको देखिन्छ । यति हुँदा हुँदै पनि समुदाय सन्तुष्ट छैनन् । पालिकाहरूले भ्रष्टचार गरेको, नागरिकको चाहना भन्दा आफ्नो वा राजनीतिक पार्टीको स्वार्थ अनुसार काम गर्ने गरेको, कमिशन बढी आउने काम तर्फ पालिका उन्मूख भएको आरोप लगाउने गरेको पाइन्छ । यस्तो अवस्थामा पालिकाले नागरिकको चाहना बुझ्न नसकेको हो कि ? या पालिकाका हर्ताकर्ताहरूले नागरिक केही बुझ्दैनन्, मेरो मनमा एउटा योजना छ त्यही गराउँछु भन्ने अहम राखेका हुन् ? यो बुझ्न गाह्रो छ । यो मेरो योजना हो । यसलाई नागरिकले मान्नु पर्दछ भन्ने गर्नाले पनि नागरिकको तर्फबाट असन्तुष्टिका स्वरहरू बाहिरिएका हुन् कि ? पालिकाले कसरी नागरिकको चाहना बुझ्ने र ती चाहनाहरूलाई कसरी सम्वोधन गर्दा समुदायले अपनत्व महशुस गर्दछ भन्ने विषयलाई यस लेखमा उजागर गर्न खोजिएको छ । नागरिकको चाहना असिमित हुन्छन् । ती चाहनाहरूमध्ये कुनै तत्काल पूरा गर्नुपर्ने खालका हुन्छन् । कुनै प्रत्येक भेटमा पूरा गरिदिए पुग्छ । कुनै बर्ष दिनमा कुनै दिन पूरागरिदिनु पर्ने खालका हुन्छन् । कुनै एक, दुई वा पाँच बर्ष भित्र पुरा गरिदिए हुन्छ भन्ने खालका हुन्छन् । कुनै जीवन भरमा एक पटक पूरा गरिदिए पुग्छ । ती सबैखालका चाहना बुझ्नका लागि पालिकाले सबैभन्दा पहिले गर्ने भनेको 'बेसलाइन सर्बे' हो । यहाँ पालिकाको जनप्रतिनिधि र कर्मचारीवर्गमा एउटा प्रश्न छ । के यहाँको पालिकाले समुदायमा 'बेसलाइन सर्बे' गरेको छ ? केहीले भन्लान गरेको छ । तर के के बुझ्नका लागि कसरी गरियो ? भनियो भने त्यसमा अपनत्वको अभाव हुन्छ । पालिकाको माटोपानीमा भिजेको, समुदाय बुझेको, स्थानीय भाषा बुझेको, मानिसको स्वभाव, पक्ष विपक्ष बुझेको व्यक्तिहरूको संलग्नताले गरिएको बेसलाइन सर्बे अर्ग्यानिक हुन्छ । एक किसिमले भन्ने हो भने गाउँ बुझ्नेहरू नै त्यहाँको सम्पूर्ण जानकारी भएका 'डाक्टर' जस्तै हुन् । गाउँका डाक्टर अर्थात गाउँको सम्पूर्ण पक्ष बुझेका, खारिएका समुदायकै प्रतिनिधिहरूबाटै त्यहाँको रितिरिवाज, परम्परा, चालचलन, सामाजिक सम्बन्धको कडी बुझेकाहरूबाट समुदाय, कुनै परिवार र कुनै व्यक्तिसंग कुराकानी गरेर मन भित्र प्रवेश गरेर भित्री इच्छा आकाङ्क्षाहरू ल्याउन सक्दछ । अपरिचित मानिसलाई कतिपय कुराहरू खोलेर भन्ने चलन अहिलेपनि समुदायमा छैन । केही पाइन्छ कि भनेर आफूसंग भएको क्षमता पनि लुकाएर भन्नेहरू समुदायमा धेरै हुन्छन् । तसर्थ पालिकाले सर्वप्रथम समुदायको चाहना बुझ्ने प्रक्रियामै बाहिरी विशेषज्ञलाई जिम्मा लगाउँदा 'कपीपेष्ट' भएका प्रतिवेदनहरू पालिकाहरूमा थन्किएका छन् । फेद न टुप्पोको प्रतिवेदन, समुदायको मौलिकतालाई नै इग्नोर गरेको प्रतिवेदनहरू तयार गर्न पालिकाहरूले सुरूका दुईबर्ष खर्चिएका छन् । जुन आंशिक रूपमा काम लाग्ने मात्र छन् । त्यसको आधारमा बनाइएको योजनाहरूले कत्तिको समुदायको मुटुलाई सुम्सुमाएको हुन्छ ? यो गम्भिर प्रश्न छ । यसमा पालिकाका नीति निर्माणकर्ताहरूले सम्वेदनशील भएर सोच्नु पर्दछ । समुदाय भित्रै सुमदायको आवश्यकता पहिचान गर्ने विधि सिकेका जनशक्ति तयार पार्नु पनि पालिकाको प्रमुख दायित्व भित्र पर्दछ । जसरी पालिकाले स्थानीय उत्पादनलाई पहिलो ग्राहयता दिनुपर्दछ त्यसैगरी स्थानीय जनशक्ति नै पहिलो प्राथमिकतामा पर्नुपर्दछ । स्थानीयले सिक्ने, गर्ने मौका यहाँहरूले दिनु भएन भने कसैले दिदैन ।

बेसलाइन सर्बेगर्दा पालिकाको शिक्षा, स्वास्थ्य, अर्थ, राजनीति, धर्म, संस्कृति, वातावरण, प्राकृतिक स्रोत, जल, जमिन र जंगल, सामाजिक संघसंस्था, कृषि, पशुपालन, उपलब्ध भइरहेको र हुन सक्ने कच्चा पदार्थहरू, उत्पादनमूखी व्यवसायहरू, परम्परागत सीप, उत्पादित सामग्रीको बजार व्यवस्थापन, मूल्य तय हुने आधारहरू, पालिका भित्रको जनशक्ति, रोजगार उन्मूख शिक्षाको अवस्था, पूँजीको अवस्था, बचत गर्ने प्रणाली, खर्चको प्रचलन, फजुल खर्चको चलन, बचत रकमको सदुपयोग गर्ने तरिकाहरू, सामूहिक खेती प्रणाली, सहकारीमा आधारित उत्पादनमूखी स्थानीय साना तिना उद्योगको अवस्था, स्वरोजगारको अवस्था, समुदायमा हुने व्यापार, दैनिक आवश्यक सामग्रीको आपूर्तिको प्रक्रिया समेत बुझ्नु पर्दछ ।

शिक्षामा भइरहेको व्यापारिकरण, समुदायका विद्यालयहरूहरूका राम्रा र कमजोर पक्षहरू, विद्यार्थीहरूको सिकाइ पद्दती, विद्यार्थीको चाहना, अभिभावक र शिक्षकको दायित्व, विद्यालयमा हुने अतिरिक्त क्रियाकलापहरूको अवस्था, स्थानीय विषयबारे जानकारीको अवस्था, रोजगारमूखी शिक्षाको अवस्था, स्थानीय स्तरमा रोजगार पाउन सक्ने क्षेत्रहरूको खोजी, लोकसेवा, संस्थानहरूमा जागिर खान चाहनेहरू, प्रहरी, सेनामा जान चाहनेहरू, सवारी चालक, इन्जिनियर, मिस्त्री, कालिगढ, डाक्टर, नर्स, कृषि, पशु, बन जंगलको विज्ञ, अडिटर, बैंक कर्मचारी, चार्टर एकाउन्टेन्ट, व्यापारी, उद्योगपति, गीतकार, संगीतकार, नृत्यगर्ने, लेखक, शिक्षक, प्राध्यापक, वकिल, कृषक, राजनीतिज्ञ बन्न चाहनेहरूको पहिचानको साथै उनीहरूलाई त्यस अनुसारको शिक्षा प्राप्त गर्ने, प्रयोगात्मक अभ्यास गर्ने, बाहिरी प्रतिस्पर्धामा उत्रिन सक्ने बनाउनका लागि आवश्यक ज्ञान, सीप दिनका लागि थप कक्षा र प्रयोगात्मक अभ्यासहरूको संचालन सम्बन्धमा समेत पालिकाहरूले सर्वप्रथम त बेसलाइन सर्वे गरेर त्यस अनुसारको जनशक्ति तयार गर्न आवश्यक पूर्वाधार, दक्ष शिक्षक, तालिम दिने स्थान र प्रशिक्षकहरूको व्यवस्थापन गर्ने तर्फ अग्रसर हुनु पर्दछ । यसले समुदायले पालिका हाम्रो दैनिक समस्यामा साथ छ । हाम्रो परिकल्पना पूरा गर्ने अभिभावकको रूपमा पालिका अघि सरेको छ भन्ने भावनाको विकास हुन्छ । यसले सिंगो पालिकालाई एक परिवारको रूपमा एकअर्कालाई लिङ्क गर्ने काम गर्दछ ।

त्यसैले पहिले त पालिकाले बुझ्नु पर्ने नागरिकको चाहना हो । चाहना बुझेपछि मात्र योजना बनाउनु पर्दछ । नागरिकको चाहना बुझ्न ढिलो भइसकेको छ । चाहना अनुसार नागरिकको सशक्तिकरण र पूर्वाधार विकासका गतिविधिहरू गर्नु पर्दछ । पूर्वाधार विकासलाई मात्र विकास संझिने परम्परागत सोचलाई हटाउँदै नागरिकको इच्छा अनुसारको सशक्तिकरण गर्ने अभियान सशक्त ढंगले अगाडि बढाउनु पर्दछ । नागरिकलाई दक्ष कसरी बनाउन सकिन्छ भन्ने विषयमा केन्द्रित रहेर आगामी पालिका बहसमा छलफल गरिने छ । अहिलेलाई पालिकाले नागरिकको चाहना बुझ्ने प्रक्रियालाई अर्ग्यानिक ढंगले गर्न नागरिकबाटै पालिकालाई दबाब दिनुपर्दछ । पालिकामा काम गर्ने सामाजिक संघसंस्थाले पनि यसमा पालिकासँग 'होस्टेमा हैंसे' गर्नु पर्दछ ।

## डोम समुदायकी...

साथीहरू मेरो घर आउँछन्,' उनले भनिन्, 'छुवाछूतमा केही कमी आएको छ ।' 'छोरीलाई पढाउँदा आफ्नै डोम समुदायकाहरू कुरा काट्न धेरै आए,' सुमनकी आमा मिना मल्लिकले भनिन्, 'अरूले कुरा काट्दै रह्यो, मैले छोरीलाई पढाईमा निरन्तर लगाए । अहिले धेरैले छोरीलाई पढाएर राम्रो गरेको सुनाउँन आउँदा खुशी लाग्छ ।' छोरीले चाहे अनुसार शिक्षा दिन नसकेपनि जसोतसो पढाइरहेको उनले बताईन् । कमजोर आर्थिक अवस्थाका सुमनको पढाईमा उनी अध्ययनरत एभरेष्ट उच्च माविले ५० प्रतिशत शुल्कमा छुट दिएका थिए । शैक्षिक सामग्रीका लागि महिनाको १२ सय रूपैयाँ नेपाल राष्ट्रिय दलित समाज कल्याण संघले सहयोग गरेको थियो । सिरहामा सय जना दलित छोरीलाई १२ सयको दरले छात्रवृति दिएको संघका अध्यक्ष मोहन पासमानले सुनाए ।राष्ट्रिय जनगणना २०६८ अनुसार सिरहामा २४८ घरधुरी डोम समुदायको बसोबास छ । सिरहामा २०३१ जनसंख्या भएको यस समुदायको मानिस १ प्रतिशत मात्रै साक्षर रहेको डोम अगुवा रामचन्द्र मल्लिकले बताए । सिरहामा डोम समुदायबाट ९ जना केटा र २ जना केटी मात्र एसएलसी उतीर्ण छन् । त्यसमध्ये सुमनले उच्च शिक्षा पढ्दै गरेको उनले बताए । यस समुदायमा भइरहेको बालविवाहका कारण छोरीहरू पढ्न नसकेको डोम अगुवा रामचन्द्रको भनाइ छ । 'सानै उमेरमा विवाह हुन्छ,' उनले भने, 'बिहेपछि सासु/ससुराले पढ्न दिँदैनन् ।'

भौतिक दूरी कायम गरि कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११०/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)